खासाको व्यापार क्यारिङ एजेण्टको नियन्त्रणमा

■ गुञ्जबहादुर खड्का

वैशाख ९, काठमाडौं । चीनसँगको मुख्य व्यापारिक नाका खासामा क्यारिङ एजेण्ट (बिचौलिया)को नियन्त्रण बढेको छ । २०६४/६५ सम्ममा नगण्य सङ्ख्यामा रहेको क्यारिङ एजेण्टको सङ्ख्या अहिले १ सय नाघिसकेको देखिन्छ । यस्ता एजेण्टले कृत्रिम समस्या खडा गरी व्यापारीलाई अनावश्यक दुःख दिई फाइदा लिइरहेको नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका एक अधिकारीले अभियानलाई बताए । 'अहिले खासाबाट हुने व्यापार वास्तविक व्यापारीको हातमा छैन,' ती अधिकारीले भने, 'उनीहरूले सबै प्रशासनिक काम सिध्याएपछि आफैले दररेट तोकेर व्यापारीलाई सामान उपलब्ध गराउँछन् ।' व्यापारीलाई पनि झन्झट नहुने र सबै खर्च उपभोक्तालाई पर्ने हुँदा व्यापारीहरूले पनि क्यारिङ एजेण्टको विरोध गर्न नसकेका हुन् ।

यस्ता एजेण्टले बीचमा बसेर वार्षिक करोडौं रुपैयाँ लिने गरेका छन् । यस्तो व्यवसाय गर्नेहरूको विभिन्न समूह नै रहेको छ । यस्ता समूहको मुख्य काम भन्सारमा हुने अवैध कामलाई मिलाउने तथा सामान छुटाउने हो । यही समूहले व्यापारीबाट आवश्यक रकम उठाएर भन्सारका अधिकारीसम्म पुऱ्याउने गरेको लामो समयदेखि खासाको व्यापार गर्दै आएका एक व्यापारीले बताए । संसारमा भन्सारका धेरै कर्मचारी भ्रष्टाचारमा संलग्न हुने गरेको विभिन्न अध्ययनले देखाएको वास्तविकतालाई तातोपानी नाकाबाट हुने व्यापारमा देखिएको यो समस्याले थप पुष्टि गरेको व्यापारविज्ञ रत्नाकर अधिकारी बताउँछन् । 'तातोपानी नाकाबाट हुने व्यापारमा ट्रक व्यवसायीको उस्तै सिण्डिकेट रहेको छ,' उनले भने, 'यति छोटो बाटोबाट सामान ढुवानी गर्दा व्यापारीहरूले प्रति कण्टेनर ९० हजार रुपैयाँ शुल्क बुझाउनु पर्छ ।' तर, करीब ३ सय किलोमिटर दूरीमा रहेको वीरगञ्जदेखि काठमाडौंसम्म प्रति कण्टेनर ३० हजार रुपैयाँ शुल्क तिर्दा हुने उनको भनाइ छ । अहिले अधिकांश कम गुणस्तरका सामान ल्हासा-खासा हुँदै तातोपानी नाकाबाट काठमाडौं भित्रिन्छ ।

अहिले अधिकांश कम गुणस्तरका सामान ल्हासा-खासा हुँदै तातोपानी नाकाबाट काठमाडौं भित्रिन्छ ।

तातोपानी भन्सारमा एउटा गाडी जाँचपास गर्न औसतमा २ जना व्यक्ति छुट्टयाइएको हुन्छ । उक्त गाडी जाँच गर्दा जाँचकीलाई मात्र २ हजार रुपैयाँ अतिरिक्त रकम दिनुपर्ने अवस्था रहेको सङ्घका ती अधिकारीले बताए । त्यस्तै, भन्सार मेस खर्च (खाना खर्च)बापतप्रति कण्टेनर १० हजार रुपैयाँसम्म लिने गरेको सम्बद्ध स्रोतको भनाइ छ । यो रकम भन्सारका अधिकृतदेखि केन्द्रसम्म पुग्ने गरेको ती अधिकारी बताउँछन् । तातोपानी नाकाबाट दैनिक ५० ओटासम्म कण्टेनर जाँचपास हुने गर्छन् । क्यारिङ एजेण्टकै कारण यो नाकाबाट व्यापार गर्ने दशौं हजार व्यापारी विस्थापित भइसकेको अधिकारीहरूको भनाइ छ ।

एउटा गाडी २ जना व्यक्तिले जाँच गर्ने र त्यसमा भन्सार अधिकृत पनि सँगै रहने व्यवस्था गरिएका कारण सरकारी कर्मचारीबाट गैरकानूनी काम नभएको तातोपानी भन्सार कार्यलयका प्रमुख मिमांस अधिकारी बताउँछन् । 'गाडी जाँच गर्दा सरकारी प्रयोजनबाहेक व्यवसायीबाट अन्य कुनै किसिमको शुल्क लिएको छैन,' उनले भने, 'हामीले समस्या समाधान गर्ने उद्देश्यले नै व्यवसायीहरूसँग महीनामा दुईपटक संयुक्त बैठक गर्छौं ।' कुनै पनि व्यवसायीले अनावश्यक शुल्क लिएको बैठकमा आफूलाई जानकारी नगराएको उनको भनाइ छ । अवैध रूपमा शुल्क लिएर भन्सार जाँचपास गराउनु सरासर गलत भएको पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा बताउँछन् । 'त्यसलाई नियन्त्रण गर्न सरकारी अधिकारी नै अग्रसर हुनुपर्छ,' उनले भने, 'भन्सारमा हुने अवैध क्रियाकलापलाई कम गर्न बिचौलियाको नियन्त्रणमा सक्रियता बढाउनु पर्छ ।'